## **आर्थिक सहयोग नीतिको सारांश**

माथि सूचीबद्ध स्वास्थ्य मन्त्रालयहरू सहित Ascension Saint Agnes स्वास्थ्य सेवाहरूको पहुँचमा अवरोधहरू सहित संघर्षरत व्यक्तिहरूका लागि विशेष चासो राख्दै प्रत्येक व्यक्तिको मर्यादाप्रति प्रतिबद्धता र सम्मान गर्दछ। Ascension Saint Agnes ले सम्पूर्ण समुदायको सेवाको रूपमा आफ्ना स्वास्थ्य सेवा स्रोतहरू व्यवस्थापन गर्न उत्तिकै प्रतिबद्धता गर्दछ। यी सिद्धान्तहरूलाई अगाडि बढाउँदै, Ascension Saint Agnes ले यसबाट आकस्मिक वा अन्य चिकित्सकीय हिसाबले अत्यावश्यक हेरचाह प्राप्त गर्ने केही व्यक्तिहरूलाई आर्थिक सहायता प्रदान गर्दछ। यस सारांशमा Ascension Saint Agnes को आर्थिक सहयोग नीतिको संक्षिप्त विवरण प्रदान गरिएको छ।

### **को-को योग्य हुन्छ?**

तपाईं यी स्थानहरूमा बस्नुहुन्छ भने तपाईंले आर्थिक सहयोग प्राप्त गर्न सक्नुहुन्छ: Arbutus 21227, Brooklyn/Linthicum, 21225, Catonsville 21250,21228, Curtis Bay 21226, Gwynn Oak 21207, South Baltimore City 21223,21230, Southwest Baltimore City 21229, West Baltimore City 21215,21216,21217। सामान्यतया संघीय गरिबी स्तरको तुलनामा तपाईंको कुल घरायसी आम्दानीबाट आर्थिक सहयोग निर्धारण गरिन्छ। तपाईंको आय संघीय गरिबी स्तरको 250% भन्दा बराबर वा कम छ भने, तपाईंले बेहोर्नुपर्ने शुल्कको भागमा 100% परोपकारी हेरचाह रकम छुट पाउन सक्नुहुन्छ। तपाईंको आय संघीय गरिबी स्तरको 250% भन्दा माथि छ तर संघीय गरिबी स्तरको 500% भन्दा बढी छैन भने, तपाईंले स्लाइडिङ स्केलमा वा न्यून आयका आधारमा छुट दरहरू प्राप्त गर्न सक्नुहुन्छ। तपाईंको आकस्मिक र चिकित्सकीय हिसाबले अत्यावश्यक हेरचाहका लागि आम्दानीभन्दा बढी मेडिकल कर्जा छ भने, तपाईं छुटका लागि योग्य हुन सक्नुहुन्छ। तपाईंको संघीय गरिबी स्तरको आय रकमको 250% भन्दा बढी सम्पत्ति छ भने तपाईं आर्थिक सहयोगका लागि योग्य नहुन सक्नुहुन्छ। आर्थिक सहयोगका लागि योग्य बिरामीहरूलाई शुल्कबाट अस्पतालको मार्क-अप घटाएर वा बिमा कभरेज भएका बिरामीहरूलाई सामान्यतया बिल गरिने रकमभन्दा बढी शुल्क लगाइने छैन।

### **लिखित अनुमान।**

बिरामीहरूलाई अस्पतालद्वारा व्यावसायिक सेवाहरूका लागि उचित रूपमा प्रदान गरिने अपेक्षा गरिएको अस्पताल गैर-आकस्मिक सेवा, कार्यविधि र सामग्रीहरूका लागि कुल शुल्कको लिखित अनुमान अनुरोध गर्ने र प्राप्त गर्ने अधिकार हुने छ।

### **कुन-कुन सेवाहरू कभर गरिन्छ?**

आर्थिक सहयोग नीति आकस्मिक र अन्य चिकित्सकीय हिसाबले अत्यावश्यक हेरचाहमा लागू हुन्छ। अस्पतालको बिलमा चिकित्सकको शुल्क समावेश गरिँदैन र छुट्टै बिल गरिने छ। यी सर्तहरू आर्थिक सहयोग नीतिमा परिभाषित गरिएको छ। अन्य सबै हेरचाह आर्थिक सहयोग नीतिले कभर गर्दैन।

### **म कसरी आवेदन दिन सक्छु?**

आर्थिक सहयोगका लागि आवेदन दिन, तपाईंले सामान्यतया लिखित आवेदन पूरा गर्नुपर्ने छ र आर्थिक सहयोग नीति र आर्थिक सहयोग नीति आवेदनमा वर्णन गरिएअनुसार सहायक कागजातहरू उपलब्ध गराउनुपर्ने हुन्छ। आवेदन फारामका लागि, कृपया 667-234-2175 मा सम्पर्क गर्नुहोस्।

### **आवेदनका लागि म कसरी मद्दत प्राप्त गर्न सक्छु?**

आर्थिक सहयोग नीति आवेदन पूरा गर्नमा मद्दतका लागि, तपाईंले ग्राहक सेवा कार्यालयलाई 667-234-2175 मा, मेरील्याण्ड मेडिकल सहायता टोलीलाई 1-855-642-8572 मा वा इन्टरनेटमा www.dhr.state.md.us, मा वा तपाईंको स्थानीय सामाजिक सेवा विभागलाई 1-800-332-6347; TTY: 1-800-925-4434 मा फोन गरेर सम्पर्क गर्न सक्नुहुन्छ।

**म थप जानकारी कसरी प्राप्त गर्न सक्छु?**
आर्थिक सहयोग नीति र आर्थिक सहयोग नीति आवेदन फारामका प्रतिलिपिहरू https://healthcare.ascension.org/Locations/Maryland/MDBAL/Baltimore-Saint-Agnes-Hospital र 900 S. Caton Avenue, Baltimore, MD 21229, बिरामी वित्तीय सेवा विभागमा उपलब्ध छन्। आर्थिक सहयोग नीति र आर्थिक सहयोग आवेदनका नि:शुल्क प्रतिलिपिहरू बिरामी वित्तीय सेवा विभागलाई 667-234-2175 मा सम्पर्क गरेर हुलाक मार्फत पनि प्राप्त गर्न सकिन्छ।

**म योग्य भइनँ भने के गर्ने?**
तपाईं आर्थिक सहयोग नीति अन्तर्गत आर्थिक सहयोगका लागि योग्य हुनुहुन्न भने, तपाईं अन्य प्रकारको सहयोगका लागि योग्य हुन सक्नुहुन्छ। थप जानकारीको लागि, कृपया बिरामी वित्तीय सेवा विभाग, 900 S. Caton Avenue, Baltimore, MD 21229 मा सम्पर्क गर्नुहोस् वा 667-234-2175 मा टेलिफोन गरेर सम्पर्क गर्नुहोस्।

**भुक्तानी योजनाहरू**
Ascension Saint Agnes अस्पतालले तपाईंलाई आफ्नो मेडिकल बिल तिर्न मद्दत गर्न भुक्तानी योजनाहरू प्रदान गर्दछ। थप जानकारीका लागि, कृपया ग्राहक सेवा विभागलाई 667-234-2175 मा सम्पर्क गर्नुहोस्।

**स्वीकारोक्ति**
मैले Ascension Saint Agnes आर्थिक सहयोग नीतिको माथिको सरल भाषामा सारांश प्राप्त गरेको छु र नीति अन्तर्गतका मेरा अधिकारहरू बुझेको छु।

कृपया आद्याक्षर लेख्नुहोस्: [आद्याक्षरहरू सामान्य सहमति फाराममा सङ्कलन गरिने छ।]

**आर्थिक सहयोग नीति, आर्थिक सहयोग आवेदन र निर्देशनहरूको अनुवाद र सरल भाषामा प्रस्तुत गरिएको यो सारांश हाम्रो वेबसाइटमा र अनुरोध गरेमा निम्न भाषाहरूमा उपलब्ध छन्:**

**अरबी**
**बर्मेली**
**चिनियाँ (सरलीकृत)**
**चिनियाँ (परम्परागत)**
**अङ्ग्रेजी**
**फ्रेन्च**
**गुजराती**
**इटालियन**
**कोरियाली**
**रूसी**
**स्पेनिस**
**तागालोग**
**उर्दू**
**भियतनामी**